# जिल्ला समन्वय समिति महासंघ नेपालको

# विधान, २०७५

(राष्ट्रिय निर्देशन ऐन २०१८(३)को ४ अनुसार)
तेश्रो संशोधन मस्यौदा २०७९

२०७५

# जिल्ला समन्वय समिति महासंघ नेपालको
# विधान - २०५२

# तेश्रो संशोधन २०७९ प्रस्ताव

## प्रस्तावना

"स्थानीयस्तरमा जनताका अधिकारको अधिकाधिक प्रत्याभूतगर्ने गरी सार्वभौमसत्ता एवं राज्यशक्तिको प्रयोगमा आम नागरिकले सहभागी हुन पाउने राज्य व्यवस्था निर्माणगर्न नेपाली जनताबाट विभिन्न समयमा भएका जनआन्दोलनबाट व्यक्त जनचाहना र ऐतिहासिक संविधानसभाबाट बनेको नेपालको संविधानको मर्म र भावनालाई आत्मसाथ गर्दै, लोकतान्त्रिक स्थानीय शासनको संस्थागत विकासमा वि.सं. २०५२ सालमा स्थापित जिल्ला विकास समिति महासंघ नेपालबाट विगतमा निर्वाह भएको ऐतिहासिक भूमिकालाई स्मरण गर्दै नेपालको संविधानको मर्म र भावना अनूकुल जिल्ला समन्वय समितिको प्रतिनिधिमूलक महासंघको निरन्तरता कायम गर्न, स्वशासन तथा सहशासनका माध्यमबाट लोकतान्त्रिक संघीय गणतन्त्रको स्थानीयस्तरदेखि नै सुदृढीकरण गरी लोकतन्त्रका उपलब्धीलाई जनताको घर दैलोमा पुऱ्याई स्थानीय लोकतान्त्रिक सरकारको प्रवर्द्धन गर्न, जिल्ला समन्वय समितिको नेतृत्वमा जिल्लाको सन्तुलन विकासको लागि अनुगमन गरी गाँउपालिका, नगरपालिका र जिल्ला स्तरीय प्रदेश तथा संघीय कार्यालयलाई समन्वय गरी लोकतन्त्रको फल जनताको घर दैलोमा पुऱ्याउने, देशका सबै जिल्ला समन्वय समितिहरुका बीच समन्वयात्मक सम्बन्ध सुदृढगरी अनुभव र सहयोगको आदान प्रदान गर्न जिल्ला समन्वय समिति महासंघ नेपालको स्थापना र संचालन गर्नका लागि यो विधान बनाइएको छ।"

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यस विधानको नाम "जिल्ला समन्वय समिति महासंघ नेपालको विधान, २०७९" रहने छ।
२. यो विधान परिषदले पारित गरेको मितिबाट लागू हुनेछ।
३. यस विधानको पालना गर्नु सबै सदस्य - जिल्ला समन्वय समितिको कर्तव्य हुनेछ।
४. महासंघको सम्पूर्ण काम कारर्वाही यसै विधानमा लेखिए अनुसार हुनेछ।

**२.परिभाषा :**

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :
   क. "विधान" भन्नाले जिल्ला समन्वय समिति महासंघ नेपालको विधान, २०७९ लाई जनाउनेछ,
   ख. "महासंघ" भन्नाले यस विधान अन्तर्गत स्थापित जिल्ला समन्वय समिति महासंघ नेपाललाई जनाउनेछ,

ग. “केन्द्रिय कार्यसमिति” भन्नाले सातैवटा प्रदेशको प्रतिनिधित्वगर्ने महासंघको कार्य समितिलाई जनाउनेछ, ।

घ) प्रदेश समिति भन्नाले यसै विधान अनुसार ७ वटै प्रदेशमा प्रदेश भित्रका जिल्ला समन्वय समिति प्रत्येकको सहभागितामा गठन हुन प्रदेश समिति लाई जनाउनेछ ।

ङ) “राष्ट्रिय परिषद्” भन्नाले यस विधानको दफा (८) बमोजिम गठित परिषद्लाई जनाउनेछ,

च) “ प्रदेश परिषद्” भन्नाले प्रत्येक प्रदेशभित्रका जिल्ला समन्वय समितिका पदाधिकारीको भेलालाई जनाउने छ ।

च. “सचिवालय” भन्नाले महासंघको सचिवालयलाई जनाउनेछ,

छ. “सदस्य - जिल्ला समन्वय समिति” भन्नाले यस विधानको दफा ४ को उपदफा(३) बमोजिम सदस्यता शुल्क बुझाई महासंघको सदस्यता ग्रहण गर्ने जिल्ला समन्वय समितिलाई जनाउनेछ,

ज. “जिल्ला समन्वय समिति” भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको ७७ वटै जिल्ला समन्वय समितिलाई जनाउनेछ,

झ. “अध्यक्ष” भन्नाले महासंघको अध्यक्षलाई जनाउनेछ,

ञ. “उपाध्यक्ष” भन्नाले महासंघको उपाध्यक्षलाई जनाउनेछ,

ट. “महासचिव” भन्नाले महासंघको महासचिवलाई जनाउनेछ ,

ठ. “उपमहासचिव” भन्नाले महासंघको उप महासचिवलाई जनाउनेछ,

ड. “कोषाध्यक्ष” भन्नाले महासंघको कोषाध्यक्षलाई जनाउनेछ

ढ. “केन्द्रिय कार्य समितिको सदस्य” भन्नाले महासंघको केन्दीय कार्य समितिका सदस्यलाई सम्झनु पर्छ र सो शब्दले महासंघको अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउनेछ,

ण. “परिषद्का सदस्य” भन्नाले राष्ट्रियपरिषद्को बैठकमा भाग लिन पाउन दफा ८ को उपदफा (२) अनुसारका सदस्यलाई जनाउनेछ,

त. “महानिर्देशक” भन्नाले दफा २६ बमोजिम नियुक्त महानिर्देशकलाई जनाउनेछ,

थ. “दफा” भन्नाले राष्ट्रियपरिषद्ले पारित गरी लागु गरेको दफालाई सम्झनु पर्नेछ,

द. “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो विधान अर्न्तगत बनेको दफा वा परिषद् वा केन्द्रिय कार्यसमितिले तोकेको वा तोकिए बमोजिम सम्झनु पर्नेछ ।

ध. संविधान भन्नाले “नेपालको संविधान”लाई जनाउँछ ।

न. जिल्लासभा भन्नाले “संविधानको धारा २२० बमोजिमको जिल्लासभा” सम्झनुपर्छ ।

प. केन्द्रिय कार्य समिति भन्नाले यस “विधानको दफा १० बमोजिमको केन्द्रीय कार्य समिति” सम्झनुपर्छ ।

फ. प्रदेश कार्य समिति भन्नाले यस “विधानको दफा १०.१.२ बमोजिमको प्रदेश कार्य समिति” सम्झनुपर्छ ।

## परिच्छेद -२
## महासंघको उद्देश्य र गठन

### ३. महासंघको उद्देश्य :

महासंघको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क. लोकतान्त्रिक संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको मर्म र भावना अनुकूल स्वायत्त शासन र सहशासन बिकेन्द्रिकरणका माध्यमद्वारा जनतालाई राज्यको शासन तथा

विकासमा सक्रिय सहभागी हुन वातावरण वनाई अन्तर सरकार समन्वय, सहअस्तित्व र सहकार्यको प्रबर्द्धनमा सहयोग पु्याउने,

ख. नेपाल सरकार, प्रदेश सरकार र संघिय सभा । र प्रदेश सभालाई जिल्ला समन्वयका सम्बन्धमा सूचना र जिल्ला समन्वय समितिहरुका क्रियाकलापबारे जानकारी गराउने,

ग. जनसहभागिताको माध्यमद्धारा जिल्लामा दिगो विकासका लागि सहयोग पु्याउने,

घ. सदस्य जिल्ला समन्वय समितिहरुलाई जिल्ला भित्रका नगरपालिकाहरु र गाऊंपालिका हरुलाई आपसी सहकार्यगर्न समन्वय गर्ने तथा जिल्ला स्थित संघ र प्रदेशका निकाय, विकास आयोजना लाई जिल्लाको सन्तुलित विकासको अवधारण अनुसार संचालनगर्न जिल्ला सभालाई साझा मञ्चको रुपमा प्रयोन गर्ने, आयोजना संचालनहुने पालिका र ति निकाय लाई आवश्यक सूचना र सल्लाह सम्वन्धी सेवा प्रदान गर्ने,

ङ. सदस्य - जिल्ला समन्वय समितिहरुलाई सुदृढ बनाउने उद्देश्यले आवश्यक (विकास) कोष स्थापना गर्ने, कोषमा जिल्ला भित्रका पालिकाको शेयर तथा संघ र प्रदेश सरकार र दाताको सहयोग समेत राखि जिल्ला सभाको निर्णय अनुसार खर्चगर्ने कार्य विधि वनाउने ।

च. अर्न्तराष्ट्रिय जगतमा नेपालको स्थानीय शासन प्रणालीलाई सुपरिचित गराएर महासंघको उद्देश्य एवम् भावना अनुरुपका अर्न्तराष्ट्रिय संघ संस्थाहरुसंग भाइचाराको सम्बन्ध बढाउने ।

छ. तीनैतहका सरकारविच समन्वय गरि जिल्लाको सन्तुलित विकास को कायान्वयनमा संघ तथा प्रदेशका निकाय तथा आयोजनाहरुको अनुगमन तथा प्रतिवेदन गर्ने ।

## ४. महासंघको गठन :

१. यस विधानलाई स्विकार गरी महासंघमा सामेल हुने शर्त पूरा गर्ने जिल्ला समन्वय समितिहरुको समष्टिगत रुपनै जिल्ला समन्वय समिति महासंघ नेपाल हो ।

२. यो विधानलाई स्वीकार गरी परिषद्मा सामेल हुन शर्त पूरा गर्ने सदस्य - जिल्ला समन्वय समिति र यस विधान अर्न्तगत हुने परिषद्को पहिलो बैठकमा सहभागी हुने परिषदका सदस्यहरु परिषदका संस्थापक सदस्य हुने छन् ।

३. यो विधानलाई स्वीकार गरी प्रत्येक आर्थिक वर्षका लागि तोकिएको शुल्क बुझाउने कुनै पनि जिल्ला समन्वय समिति महासंघको सदस्य हुनेछ ।

४. महासंघको दैनिक कार्य संचालनका लागि धारा (१०) मा लेखिए अनुसारको एउटा कार्यसमिति हुनेछ ।

५. महासंघको नीति, कार्यक्रम र योजना तर्जुमा गर्न र कार्य समितिलाई आवश्यक निर्देशन दिनका लागि महासंघको एउटा राष्ट्रियपरिषद् हुनेछ ।

६. कार्य समितिले यस विधान र परिषद्ले दिएको निर्देशन तथा निर्णय बमोजिम महासंघको नामबाट महासंघको दैनिक कार्य संचालन गर्नेछ ।

## ५. स्वशासित संगठित संस्था :

१. महासंघ अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

२. महासंघको एउटा चिन्ह र छाप हुनेछ । महासंघको चिन्ह र छाप कार्य समितिले तोके बमोजिम हुनेछ ।

३. महासंघले व्यक्ति सरह नालिस उजूर गर्न सक्ने र महासंघ उपर पनि व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ ।

४. महासंघले व्यक्ति सरह चल अचल सम्पत्ति खरिद, विक्रि र उपभोग गर्न सक्नेछ तर नेपाल सरकारबाट प्राप्त अचल सम्पत्ति नेपाल सरकारको स्वीकृत विना बेचबिखन गर्न पाइने छैन ।

५. महासंघको आफ्नो छुट्टै सचिवालय हुनेछ र महासंघको सचिवालय कार्यसमितिले तोकेको स्थानमा रहनेछ ।

**६. सदस्यता कायम नरहने :**

१. देहायको कुनै अवस्थामा सदस्य - जिल्ला समन्वय समितिको सदस्यता महासंघमा कायम रहने छैन ।

क) महासंघमा बुझाउनु पर्ने सदस्यता शुल्क नबुझाएमा,
ख) धारा ७ बमोजिम महासंघको सदस्यता त्याग गरेमा,
ग) महांसघको कार्य समिति सदस्य भई बैठकमा लगातार तीनपटक सम्म अनुपस्थित रहेमा।
घ) महासंघको गोपनियता तथा अन्य विषयमा हितको वर्खिलापहुनेगरि सार्वजनिक अभिव्यक्ति वा क्रियाकलाप गरेको ठहर भएमा

२. दफा (१) बमोजिम सदस्यता कायम नरहने विषयको सूचना, केन्द्रिय कार्यसमितिको निर्णय बमोजिम कार्यकारी महानिर्देशकले दिनेछ ।

३. दफा (१) अनुसार सदस्य कायम नरहेको जिल्ला समन्वय समितिले यो विधान अर्न्तगत बाँकी सबै दस्तुर तिरी सदस्य हुन चाहेमा सो शर्त पूरा गर्ने कुनै पनि जिल्ला समन्वय समितिको सदस्यता पुनः कायम हुन सक्नेछ ।

४. दफा (१) बमोजिम कुनै जिल्ला समन्वय समिति महासंघको सदस्य नरहेमा त्यस्तो जिल्ला समन्वय समितिबाट परिषद् वा कार्यसमितिमा रहेको व्यक्तिको सदस्यता स्वतः समाप्त भएको मानिनेछ ।

**७. सदस्यता त्याग्न सकिने :**

१. सदस्य जिल्ला समन्वय समितिले महासंघको सदस्यता त्याग्न चाहेमा जिल्ला समन्वय समितिको निर्णयको प्रमाणित प्रतिलिपि सहितको सूचना कम्तिमा दुई महिना अगावै सम्बन्धित प्रदेश समिति र महासंघ सचिवालयमा पुग्ने गरी पठाउनु पर्नेछ ।
२. दफा (१) बमोजिम प्राप्त हुन आएको सम्बन्धित जिल्ला समन्वय समितिको निर्णय उपर प्रदेश समितिको राय र सिफारिसका आधारमा केन्द्रीय कार्यसमितिले तत्सम्बन्धमा निर्णय गर्नेछ ।
३. दफा (२) अनुसारको निर्णयको जानकारी कार्यकारी महासचिवले सम्बन्धित प्रदेश समिति तथा सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनुपर्नेछ ।

## परिच्छेद -३
## राष्ट्रिय परिषद

**८. राष्ट्रियपरिषदको गठन :**

१. महासंघको सर्वोच्च निकायका रुपमा एउटा परिषद हुनेछ, जसलाई जिल्ला समन्वय समिति महासंघ नेपालको राष्ट्रियपरिषद् भनिनेछ ।
२. परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहने छन् :

(क) प्रत्येक सदस्य - ७७ वटै जिल्ला समन्वय समितिका प्रमुख तथा उप-प्रमुख पदेन सदस्य,
(ख) प्रत्येक सदस्य  जिल्ला समन्वय समितिका सदस्यहरु मध्ये जिल्ला समन्वय समिति वोर्डले निर्वाचित गरेको एकजना महिला सदस्य सदस्य ,
(ग) महासंघको निवर्तमान अध्यक्ष पदेन एक जना सदस्य,

३. दफा (२) को खण्ड (क) र (ख) अन्तर्गत राष्ट्रिय परिषदका सदस्यको स्थान कुनै किसिमबाट रिक्त हुन आएमा सो रिक्त स्थानमा सम्बन्धित सदस्य जिल्ला समन्वय समितिले साविक बमोजिम रिक्त स्थानको पूर्ति गर्नेछ ।
४. दफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि जिल्ला समन्वय समितिको कार्यकाल एक वर्ष भन्दा कम बाँकी रहेको अवस्थामा राष्ट्रिय परिषदको सदस्यको रिक्त पद पूर्ति गरिने छैन ।

## ९. राष्ट्रियपरिषदको काम, कर्तव्य र अधिकार :

राष्ट्रियपरिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. सदस्य - जिल्ला समन्वय समितिहरुका वीच नियमित सम्बन्ध र सहयोगलाई अभिवृद्धि गरी स्थानीय निकायहरुको संस्थागत विकासका लागि काम गर्ने ,
ख. नेपाल सरकार, प्रदेश सरकार र दुबैतहका संसदलाई प्रदेश समिति सहितको तर्फवाट जिल्ला समन्वय समितिका समस्याहरु अवगत गराउने ,
ग. सबै जिल्लाको साझा समस्याको पहिचान गरी समाधानका लागि नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गर्ने । प्रदेशस्तरिय बिषयमा प्रदेश समिति संग समन्वय गर्नुपर्ने छ ।
घ. पूर्वाधारको निर्माण गरी गरीवी निवारणका लागि उपयुक्त कार्यक्रमलाई प्राथमिकताका आधारमा लागुगर्ने, गराउने तर्फ नेपाल सरकार, प्रदेश सरकार तथा प्रदेश समिति महासंघ मार्फत सम्बन्धित जिल्ला समन्वय समितिहरुलाई सल्लाह दिई सहयोग पुऱ्याउने,
ङ. नेपाल सरकार र स्वदेशी तथा विदेशी संस्थाहरुबाट जिल्लाको विकासका लागि सहयोग अभिवृद्धि गराउने तर्फ आवश्यक कार्य गर्ने,
च. प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्दै जिल्ला विकासको उद्धेश्य राखेर स्थापित सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संस्थाहरु वीच समन्वय कायम गर्न, गराउनका लागि स्थानीय नगर तथा गांऊपालिकाहरु संग समन्वय गरि आवश्यक उपाय पत्ता लगाउने,
छ. प्रत्येक जिल्लाको द्रुततर संन्तुलित विकासका लागि स्थानीयतहका जनप्रतिनिधिहरुको भूमिका प्रभावकारी बनाउन उपयुक्त नीति, र कार्यक्रमहरु निमार्ण गरि जिल्ला सभाहरुलाई प्रभावकारी वनाउन आवश्यक सहयोग र सहजिकरण गर्ने,
ज. स्थानीय विकास सम्बन्धी विविध विषयमा अध्ययन अनुसन्धान गर्ने, गराउने,
झ. महासंघको नीति, कार्यक्रम र वार्षिक बजेट पारित गर्ने,
ञ. महासंघका लागि आवश्यक दफा पारित गरी लागु गर्ने, गराउने,
ट. कार्यसमितिद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, तथा लेखा परीक्षकले पेश गरेको लेखा परीक्षण प्रतिवदेन माथि छलफल गरी पारित गर्ने,
ठ. महासंघ अन्तर्गतका कर्मचारीहरुको दरबन्दी, योग्यता र सेवाका शर्तहरु निर्धारण गर्ने ,
ड. अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरुको सचिवालयमा वसेर तोकिएको कामगर्दा तथा अन्य तोकिएको जिम्वेवारीमा रहंदा दिनुपर्ने सुविधाका विषयमा निर्णय गर्ने ,
ढ. लेखापरीक्षकको नियुक्ति गर्ने ,
ण. विधानको उद्धेश्य पूर्तिका लागि अन्य आवश्यक सबै काम गर्ने, गराउने ।

## परिच्छेद - ४

## केन्द्रियकार्यसमिति

### १०. कार्यसमितिको गठन :

महासंघको संरचना संघीयता कार्यान्वयनलाई सहजिकरणगर्ने किसिमले हरेक प्रदेशमा प्रदेशस्तरिय कार्यसमितिको गठन गरिने छ । यसरी केन्द्रिय कार्य समिति र प्रदेश समितिहरु देहाय बमोजिम गठन हुनेछन् :

### १०.१ केद्रिय कार्य समिति

क. परिषदका सदस्यहरुमध्येबाट सम्पूर्ण सदस्यहरुको बहुमतको आधारमा निर्वाचित अध्यक्ष र उपाध्यक्ष, महासचिव, उप महासचिव र कोषाध्यक्ष सहित ५ जना पदाधिकारी सहित ३१ जना

ख. प्रत्येक प्रदेश भित्रका परिषदमा प्रतिनिधित्व गर्ने सदस्य - जिल्ला समन्वय समितिका सदस्यहरुले आफूहरुमध्येबाट तीन जनाको दरले निर्वाचित एक्काई जना सदस्यहरु,

ग. खण्ड (क) र (ख) अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्यहरुले निर्णय गरी परिषदका सदस्यहरु मध्येबाट समावेसी सिध्दान्त र विभिन्न राजनैतिक दलहरुको प्रतिनिधित्व हुने गरी पदीय सन्तुलन मिलाई मनोनित गरिने तीन जना सदस्यहरु,

घ. महासंघको निवर्तमान अध्यक्ष एक अवधिका लागि सदस्य रहने छ ।

ङ. कार्यसमितिले महासचिव लाई प्रवक्ता को जिम्वेवारी दिन सक्नेछ ।

२. वहाल रहेका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्यहरुको कुनै पद कुनै कारणबाट रिक्त हुन आएमा सो रिक्त स्थानको पुर्ति साविक बमोजिमकै प्रकृया अपनाई गरिनेछ । एकबर्ष भन्दा कम कार्यकाल रहेको अवस्थामा सो पद पूर्ति गरिने छैन ।

### १०.२ प्रदेश समिति

**क) प्रदेश कार्य समिति को गठन**

१) प्रत्येक प्रदेशमा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना उप सचिव र १ जना कोषाध्यक्ष सहित बढिमा १५ जना रहेको कार्य समिति गठन हुनेछ ।

२) कार्य समिति गठनगर्दा प्रदेश भित्रका प्रत्येक जिल्लावाट कम्तिमा १ जनाको प्रतिनिधित्व को साथै समावेसी सिध्दान्तको पालना हुनेछ ।

**ख) प्रदेश कार्य समितिको काम कर्तव्य र अधिकारः**

यस विधानमा उल्लेखित केन्द्रिय कार्य समितिका काम कर्तव्य अधिकार संग दोहोरो नपर्नेगरि प्रदेश भित्रका जिल्लाको अवस्था र आवश्यकतालाई सम्बोधनगर्ने गरि प्रदेश समितिले आफनो कार्य विधि निमार्ण गरि प्रदेश भेलावाट अनुमोदन गरि प्रदेश मुख्यमन्त्रीको कार्यालयवाट विधिवत दर्ता गरी कार्यान्वयन गर्नु पर्नेछ ।

क. प्रदेश भित्रका जिल्ला समन्वय समितिका सदस्यहरुमध्येबाट बहुमतको आधारमा निर्वाचित अध्यक्ष र उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्ष र सदस्यहरु लैगिक एवं सामाजिक समावेसीताको आधारमा हुनेछ ।

ख. प्रदेश भित्रका सबै जिल्ला समन्वय समितिको प्रतिनिधित्व हुनेगरि बढिमा निर्वाचित पन्ध्र जना सदस्यहरु,

ग. खण्ड (क) र (ख) अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुले निर्णय गरी प्रदेश समितिका सदस्यहरु मध्येबाट विभिन्न राजनैतिक दलहरुको प्रतिनिधित्व हुने गरी समावेसी सन्तुलन मिलाई एकजना प्रदेश प्रवक्ता नियुक्त गर्न सक्नेछ।,
घ. यो विधान अन्तर्गत पहिलो पटक निर्वाचित भई गठन भएको प्रदेश समितिले प्रदेश भेलामा यो विधान पेशगरी अनुमोदन गर्नुपर्ने छ।

## ११. केन्द्रिय कार्यसमितिको काम, कर्तव्य र अधिकार

केन्द्रिय कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ :

क. परिषदको नीति, निर्देशन र निर्णयअनुसार काम गर्ने ,
ख. परिषद समक्ष महासंघको नीति, कार्यक्रम तथा बजेट पेश गर्ने,
ग. परिषदमा पेश गर्ने भनी कुनै सदस्य - जिल्ला समन्वय समितिबाट सिफारिस भई आएका विषयहरु अन्य सदस्य जिल्ला समन्वय समितिहरुसंग सम्बन्ध र सम्पर्क राखि उपयुक्तताको आधारमा परिषदमा पेश गर्ने,
घ. सदस्य - जिल्ला समन्वय समितिहरुले चुक्ता गर्नु पर्ने वार्षिक सदस्यता शुल्क महासंघको कोषमा दाखिल गर्ने, गराउने,
ङ. जिल्ला समन्वय समिति तथा जिल्ला अन्तर्गतका अन्य स्थानीय निकायको स्वायत्तता, कार्य प्रणाली, योजना, प्रशासनिक बनावट, आर्थिक श्रोत, श्रोतको बाँडफाँड जस्ता विषयमा आवश्यकता अनुसार अध्ययन अनुसन्धान गरी गराई परिषद समक्ष प्रतिवेदन पेश गर्ने, ।
च. जिल्ला स्तरीय कार्यक्रमहरुलाई प्रभावकारी बनाउने सम्बन्धमा उपयुक्त पद्धतीको खोजी गर्ने,
छ. सरकारी, अर्धसरकारी, गैर सरकारी कार्यालय तथा संस्थाका कार्यक्रमहरुलाई समन्वय गरी कार्यान्वयन गराउनका लागि उपाय पत्ता लगाउने,
ज. स्थानीय निकायको संस्थागत विकास र सुदृढिकरणका लागि यस विधान अर्न्तगत रही आवश्यक पर्ने अन्य सबै काम गर्ने, गराउने,
झ. महासंघको दफाावलीहरु बनाई परिषद्मा पेश गर्ने,
ञ. कार्यकारी महासचिवको कार्य सम्पादनको मूल्यांकन गर्ने,
ट. परिषद्को बैठक बोलाउने,

२. कार्यसमितिले विकेन्द्रीकरण सम्वन्धि विशेषज्ञ, अर्थशास्त्री, कानूनविद, व्यवस्थापनसम्वन्धी विशेषज्ञ तथा स्थानीय निकायसंग सम्बन्धीत विषयका जानकारहरुमध्येबाट एउटा सल्लाहकार मण्डलको गठन गर्न सक्नेछ।
३. उपधारा (२) बमोजिम गठित सल्लाहाकार मण्डलको काम, कर्तव्य र अधिकार तथा सेवा, शर्त र सुबिधा तोकिए बमोजिम हुनेछ।

## १२. अध्यक्षको काम, कर्तव्य र अधिकार :

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. सदस्य जिल्ला विकास समितिहरुसंग निरन्तर सम्पर्क र समन्वय राखी महासंघको सुदृढिकरण र यसको उद्देश्य प्राप्तीका लागि सक्रिय भूमिका खेल्ने,
ख. परिषद्को बैठकमा महासंघ सम्बन्धी प्रतिवेदन र प्रस्ताव पेश गर्ने,
ग. महासंघको कार्यक्रम तथा बजेटतर्जुमा गरी कार्यसमितिका तर्फबाट परिषद्मा पेश गर्ने,
घ. सचिवालयका कर्मचारीहरुको रेखदेख गर्ने,

ङ. परिषद्बाट पारित नीति तथा कार्यक्रम लागु गर्ने, गराउने,
च. उपाध्यक्ष, कार्यसमितिका अन्य सदस्य तथा कार्यकारी महासचिलाई काजमा खटाउने,
छ. कार्यकारी महासचिवको विदा स्विकृत गर्ने, साथै निजको अनुपस्थितिमा निजले गरी आएको काम गर्न आवश्यक व्यवस्था मिलाउने,
ज. बैठकमा मत बराबर भएको अवस्थामा आफ्नो निर्णायकय मत दिने,
झ. महासंघका तर्फबाट अध्यक्षले सदस्य जिल्ला समन्वय समितिहरुसंग सम्पर्क राखी आवश्यक काम कार्वाही गर्ने,
ञ. महासंघका नाममा प्राप्त हुन आएका रकम र वस्तुहरुको संरक्षण गर्ने, गराउने,
ट. आफ्नो अनुपस्थितिमा उपाध्यक्षलाई अध्यक्षको कार्यभार सम्हाल्न, कार्यकारी महासचिव मार्फत जानकारी दिने, दिन लगाउने,
ठ. सदस्य - जिल्ला समन्वय समितिहरुको स्थलगत अध्ययन गर्ने,
ड. तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने,
ढ. परिषद्को अध्यक्षता गर्ने ।

**१३. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

उपाध्यक्षको काम, कर्तव्य, र अधिकार देहाय बमोजिम हुनेछ ।

क. अध्यक्षको अनुपस्थितिमा निजले गरी आएको सम्पूर्ण कामकारवाही गर्ने,
ख. महासंघ अन्तरगतका बिषयगत समितिको संयोजक भई कार्यगर्ने
ग. तोकिए बमोजिम अन्य काम गर्ने ।

**१४. महासचिव को काम कर्तव्य र अधिकार**

महासंघको निर्वाचित महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) सदस्य जिल्ला समन्वय समितिहरु संग समन्वय गरेर महासंघका कार्यक्रमहरु तय गर्न आवश्यक प्रबन्ध मिलाउने ।
ख) कार्य समितिको बैठकमा महासंघको कार्यक्रम, बजेट तथा वार्षिक प्रतिवेदनहरु तयार गर्न अध्यक्षलाई सघाउने ।
ग) महासंघको वार्षिक परिषद र कार्य समितिको बैठकमा सचिवको कामगर्ने ।
घ) महासंघका हरेक गतिविधि, संजाल तथा अन्य निकायका कार्यक्रममा सहभागी भै नीति र कार्यक्रम तयारगर्ने, प्रतिनिधित्वगर्ने महासंघको आधिकारीक धारणा राख्ने ।
ङ) महासंघको साधारण सभा र कार्यसमितिको निर्णय र अन्य कागजात, अभिलेख राख्ने ।
च) महासंघ सचिवालयको रेखदेख गर्ने ।
छ) अध्यक्षलाई आवश्यक सहयोगगर्ने ।
ज) राष्ट्रियपरिष र कार्य समितिका निर्णयहरु कार्यान्वयका लागि कार्यगर्ने ।
झ) अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

**१५. उप महासचिवको काम, कर्तव्य र अधिकार**

क) महासचिवको अनुपस्थितिमा कार्यवाहक महासचिव भई कामगर्ने ।
ख) महासचिवको अनुपस्थितिमा साधारण सभा वा कार्य समितिको बैठकमा महासचिवको कामगर्ने
ग) अध्यक्ष वा महासचिवले प्रत्यायोजन गरेको अधिकार प्रयोगगर्ने ।
घ) महासंघको साधारण सभा र कार्यसमितिको निर्णय र अन्य कागजात, अभिलेख राख्ने ।
ङ) महासंघ सचिवालयको रेखदेख गर्ने ।

च) अध्यक्षलाई आवश्यक सहयोगगर्ने ।
छ) राष्ट्रियपरिष र कार्य समितिका निर्णयहरु कार्यान्वयका लागि कार्यगर्ने ।
ज) अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने ।

## १६. कोषाध्यक्ष को काम, कर्तव्य र अधिकार :

महासंघको कोषाध्यक्षको काम, कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछ :
क) महासंघको बार्षिक कार्यक्रम अनुरुप बजेट तयार गर्ने ।
ख) महासंघका सदस्य जिल्ला समन्वय समितिहरुबाट बार्षिक सदस्यता शुल्क पठाउन समन्वय गर्ने र उठाउन महानिर्देशकलाई पत्राचारगर्न लगाउने ।
ग) महासंघको आम्दानी र खर्चको रेखदेख गर्ने ।
घ) महासंघको आर्थिक प्रतिवेदन कार्य समिति र राष्ट्रियपरिषद बैठकमा प्रस्तुत गर्ने ।
ङ) महासंघको आर्थिक श्रोत अभिबृध्दिका लागि पहल गर्ने ।
च) महासंघको चल अचल संम्पतिको संरक्षण र व्यवस्थापनको रेखदेख गर्ने ।
छ) अध्यक्षको निर्देशानूसार काम गर्ने ।
ज) तोकिएका अन्य काम गर्ने ।

## १७. कार्यसमितिका सदस्यको काम, कर्तव्य र अधिकार :

१. कार्यसमितिका सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
   क. कार्य समितिको बैठकमा भाग लिई महासंघको उद्देश्य प्राप्तीका लागि योगदान दिने,
   ख. परिषद् र कार्य समितिले दिएको जिम्मेवारी पूरा गर्ने,
   ग. तोकिए बमोजिम अन्य काम गर्ने ।

२. कुनै कारणवश अध्यक्ष र उपाध्यक्षको पदरिक्त हुन गएमा कार्यसमितिका सदस्यहरुमध्येबाट छानिएका कार्यसमितिका कुनै सदस्यले महासंघको कार्यवाहक अध्यक्ष भइ काम गर्नेछ ।

## १८. महा निर्देशकको काम, कर्तव्य र अधिकार :

१. महानिर्देशकले अध्यक्षको सामान्य रेखदेखमा काम गर्नेछ ।
२. महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
   क. परिषद् तथा कार्यसमितिबाट पारित निर्णयहरुलाई कार्यान्वयन गर्ने,
   ख. महासंघको स्विकृत बजेट भित्र रही योजना तथा कार्यक्रम संचालन गर्ने, गराउने,
   ग. सचिवालयको प्रमुख भइ काम गर्ने,
   घ. महासंघको कार्यक्रम र योजनाहरुको निरीक्षण गरी समिक्षा गर्ने, गराउने र कार्यसमितिलाई तत्सम्बन्धी प्रतिवेदन दिने,
   ङ. महासंघको आम्दानी खर्चको हिसाव, किताव दुरुस्त राख्ने, राख्न लगाउने,
   च. सचिवालयमा दर्ता हुन आएका प्रस्ताव, उजूरी र सूझावका सम्बन्धमा आवश्यक छानवीन गरी अध्यक्ष को आदेशानुसार बैठकमा राख्ने,
   छ. महासंघको सम्पूर्ण चल अचल सम्पत्तिको संरक्षण गर्ने, गराउने ।
   ज. महासंघको हिसाव कितावको लेखा परिक्षण गराई बेरुजु तथा पेश्की फर्छ्यौट सम्बन्धी कारवाही गर्ने, गराउने, फछ्र्यौट हुन नसकेका बेरुजुका सम्बन्धमा कार्यसमिति समक्ष प्रतिवेदन दिने ।

## १९. महासंघको सचिवालय

महासंघको दैनिक कार्यसंचालन व्यवस्थापन का साथै आवश्यक निर्णयहरु गर्न र महासंघको संघ प्रदेश तथा अन्य निकायमा सिध्र प्रतिनिधित्व तथा भेटघाट तथा अन्य सवालमा प्रतिनिधि मण्डलको भूमिकामा रहने गरि कार्य समितिका पदाधिकारी र कार्य समितिले तोकेका बिषयगत समिति वा कार्य समिति सदस्य मध्ये एकजना महिला सहित ४ जना रहने गरि ९ सदस्य कार्य सम्पादन समिति हुनेछ ।

## २०. कार्य सम्पादन समितिको काम कर्तव्य र अधिकारः

**क)** कार्य सम्पादन समितिले माथि दफा...मा उल्लेखित केन्द्रिय कार्य समितिका सबै काम कर्तव्य र अधिकार प्रयोग गर्ने छ । तर कार्य सम्पादन समितिले कुनै नितिगत निर्णय गर्न सक्ने छैन ।

ख) कार्य सम्पादन समितिले गरेका कार्य सचालनतर्फका निर्णयहरु आउंदो केन्द्रिय कार्य समितिको बैठकवाट अनुमोदन गराउनु पर्दछ ।

ग) कार्य सम्पादन समितिको सदस्य सचिवको रुपमा महानिर्देशकले कामगर्ने छ ।

# परिच्छेद - ५
# बैठक र कार्य प्रणाली

## २१. बैठक र कार्य प्रणाली :

१. परिषद्को बैठक प्रत्येक आर्थिक वर्षमा कम्तिमा एक पटक तोकिए बमोजिमको स्थान, मिति र समयमा बस्नेछ ।
२. परिषद्का सदस्यहरुलाई कार्यसमितिले छलफलका लागि तोकेको विषय सूचि समेत समाबेश गरी कम्तीमा एक महिना अगावै सम्बन्धित सदस्य - जिल्ला समन्वय समिति मार्फत सूचना दिनु पर्नेछ ।
३. कार्य समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ ।
४. कार्य समितिको बैठक अध्यक्षको निर्देशनमा छलफलको विषय सूचि समेत समावेश गरी बैठक बस्ने स्थान, समय र मिति समेत खोली कम्तीमा पन्ध्र दिन अगावै कार्यकारी महासचिवले कार्य समितिका सबै सदस्यहरुलाई पठाउनु पर्नेछ ।
५. सदस्य - जिल्ला समन्वय समितिको कार्यालयमा प्राप्त भएको बैठक सम्बन्धी सूचनालाई सम्बन्धित परिषद् वा कार्यसमितिका सदस्यले प्राप्त गरेको मानिनेछ ।
६. बैठकको गणपूरक संख्या कूल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत हुनेछ ।
७. यो विधानमा अन्यथा लेखिएदेखि वाहेक बैठकको निर्णय बहुमतका आधारमा हुनेछ ।
८. बैठकको सभापतित्व अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा महासचिव, वा कोषाध्यक्ष ले गर्नेछन् ।
९. परिषद्का सम्पूर्ण सदस्यहरु मध्ये पचास प्रतिशत भन्दा बढि सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ । गणपूरक संख्या नपुगेको कारणले तोकिएको दिन र समयमा बैठक बस्न नसकेमा त्यसको भोली पल्ट उही समयमा बैठक बस्नेछ । उक्त बैठकमा एक तिहाई सदस्यहरु उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिनेछ ।
१०. परिषद् वा कार्यसमितिको बैठक सुसंचालन गर्ने जिम्मेवारी अध्यक्षता गर्ने व्यक्तिको हुनेछ । अध्यक्षता गर्ने ब्यक्तिलाई बैठक संचालन गर्न सम्वन्धित सबैले सहयोग गर्नु पर्नेछ ।
११. परिषद्का एक तिहाई सदस्यहरुले कारण खोली अविलम्ब परिषद्को बैठक बोलाउने माग गरेमा अध्यक्षले एक महिना भित्र बस्ने गरी परिषदको बैठक बोलाउन आदेश दिनु पर्नेछ ।

१२. कार्यसमितिका एक तिहाई सदस्यले लिखित माग गरेमा अध्यक्षले पन्ध्र दिन भित्र बस्ने गरी कार्य समितिको बैठक बोलाउन आदेश दिनु पर्नेछ।

१३. बैठकको अन्य कार्य प्रणाली अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

**२२. महासंघको कोष :**

१. महासंघको एउटा कोष रहनेछ।

**२. उपधारा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ :**

क. सदस्य - जिल्ला समन्वय समितिबाट प्राप्त हुने सदस्यता दस्तुर बापतको रकम,
ख. नेपाल सरकार, कुनै संस्था वा व्यक्ति वा अन्तराष्ट्रिय निकायबाट प्राप्त दान, चन्दा र सहायताबाट प्राप्त रकम,
ग. महासंघको कार्यक्रम आदिबाट उठेको रकम,
घ. महासंघको सम्पत्ति लिलाम विक्रि आदिबाट प्राप्त रकम,
ङ. दर्ता, दस्तुर, ऋण आदिबाट प्राप्त रकम,
च. अन्य श्रोतबाट प्राप्त रकम,

३. महासंघको नाममा प्राप्त हुने सम्पूर्ण रकम कार्यसमितिले तोकेको बैंकमा खाता खोली जम्मा गरिनेछ।

४. उपधारा (३) बमोजिम खोलिएको खातालाई महासंघको कोषको मूल खाता मानिनेछ।

५. महासंघको कोषको मुल खाता संचालन कोषाध्यक्ष र कार्य समितिले तोकेको कर्मचारीको संयुक्त हस्ताक्षर र छापबाट हुनेछ। आवश्यकता अनुसार कार्यसमितिको निर्णय अनुसार थप खाता खोल्न सकिने छ।

६. कार्यसमितिको निर्णय बमोजिम मूल खातामा जम्मा गरिएको रकम आवश्यकता अनुसार अन्य खातामा सार्न र खर्च गर्न सकिनेछ।

७. महासंघको श्रेस्ता नेपाल सरकारको श्रेस्ता प्रणालीको ढाँचामा राखिनेछ।

८. महासंघका कर्मचारीको अवकासमा महासंघवाट दिईने अनुदानको लागि बार्षिक रुपमा आम्दानीको केहि प्रतिशत रकम छुट्टै खाता खोली नियमित जम्मागर्नुपर्ने छ। यो दर तत्कालको कार्य समितिले निर्णय गर्न सक्नेछ। यसलाई राष्ट्रियपरिषदवाट अनुमोदन गराउनु पर्नेछ।

९. महासंघको आर्थिक हरहिसाव, लेखा परीक्षण, आन्तरिक नियन्त्रण र कारोवारको जिम्मेवारी कार्य समितिको हुने छ।

**२३. लेखा र लेखापरीक्षण :**

१. महासंघको लेखापरीक्षण परिषद्ले तोकेको अधिकार प्राप्त लेखा परीक्षणबाट हुनेछ।

२. महासंघको लेखा, परिषद्को कुनैपनि सदस्यले हेर्न चाहेमा कोषाध्यक्षले देखाउनु पर्नेछ । कार्यकारी निर्देशकको अनुमतिबाट हेर्न सकिनेछ ।

**२४. रकमान्तर :**

१. परिषद्बाट पारित बजेटको २० प्रतिशतमा नबढाई कार्य समितिले कोषाध्यक्षलाई रकमान्तर गरि जिम्वारी दिन सक्ने छ । यसरी रकमान्तर गरेको रकम तोकिएको कार्यमा वाहेक अन्यत्र खर्चगर्न पाईने छैन ।

२. उपधारा (१) बमोजिमको रकमान्तर गर्दा भैपरि आउने र आर्थिक सहायताको लागि गरिने छैन ।

**२५. भत्ता र अन्य सुविधा :**

क) कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको बैठक भत्ता र अन्य सुविधा परिषद्को बैठकले तोके बमोजिम हुनेछ । नेपाल सरकारको आर्थिक प्रशासन दफाावली अनुसार बैठक भत्ता लिंदा दोहोरो भत्ता लिन पाईने छैन ।

ख) नयाँ निर्वाचितलाई महासंघको नेतृत्व हस्तान्तरण नहुँदा सम्म महासंघका कायम रहेका कार्य समितिका पदाधिकारीलाई उत्त विचको समय अवधिमा हुने नियमिति बैठकमा उपस्थित भए वापत आतेजाते यातायात खर्च कार्य समितिले तोके बमोजिम दिन सकिनेछ ।

## परिच्छेद - ७

## कर्मचारी प्रशासन सम्बन्धि व्यवस्था

**२६. महानिर्देशकको नियुक्ति :**

१. महासंघको कर्मचारी सचिवालय प्रमुखको रुपमा कार्यगर्न कार्यकारी महानिर्देशकको नियुक्ति गरिनेछ ।

२. उच्च शैक्षिक योग्यता, निस्कलंक चरित्र, विशिष्ट प्रशासनिक अनुभवका साथै महासंघको उद्देश्य र भावनानुरुप काम गर्न सक्ने क्षमता भएको नेपाली नागरिकलाई महा निर्देशकको पदमा नियुक्त गरिनेछ ।

३. कार्यकारी महानिर्देकशको नियुक्ति कार्यसमितिले निर्धारण गरेको प्रकृया अनुसार हुनेछ ।

४. कार्यकारी महानिर्देशकको योग्यता, सेवा, शर्त र सुविधा कार्यसमितिले निर्धारण गरे बमोजिम हुनेछ ।

५. सचिवालयको सबै कर्मचारीहरु कार्यकारी महानिर्देशकको रेखदेख र मातहातमा हुनेछन् ।

६. महासंघका अन्य कर्मचारीहरुको नियुक्ति र बढुवा गर्न देहाय बमोजिमको पदपुर्ति समिति गठन गरिनेछ ।

(क) महासंघका अध्यक्ष........................................................................ अध्यक्ष
(ख) कोषाध्यक्ष
(ग) कार्यसमितिका सदस्यहरु मध्येबाट बैठकले तोकेको एक जना सदस्य ............. सदस्य
(ग) महा निर्देशक सचिव........................................................ सदस्य-सचिव

७. उपाधारा (६) अनुसारको समितिको सिफारिशको आधारमा कर्मचारीहरुको नियुक्ति र पदोन्नती महानिर्देशकले गर्नेछ ।

८) कार्य समितिले प्रशासनिक तथा आर्थिक कार्य विधि बनाई परिषदवाट अनुमोदन गरि सोही बमोजिम कर्मचारी भर्ना तथा सेवा सुविधाको प्रबन्ध गर्नुपर्नेछ । कार्यरत कर्मचारीको हकमा यो विधान अगावै कार्यरत कर्मचारीका हकमा खाईपाई आएको सुबिधा, उपदानको व्यवस्थामा परिवर्तन हुने छैन ।

**२७. अधिकार प्रत्यायोजन :**

१. आवश्यकता अनुसार परिषद्ले आफूमा निहित रहेको केही अधिकार कार्यसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२. कार्यसमितिले आफूमा निहित रहेको केही अधिकार अध्यक्ष, उपाध्यक्ष, महासचिव, उप महासचिव, कोषाध्यक्ष वा कार्यसमितिको सदस्य तथा महानिर्देशक मध्ये कसैलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३. अध्यक्षले आफूमा निहित रहेको केही अधिकार उपाध्यक्ष तथा महासचिव मध्ये कसैलाई पनि प्रत्यायोजन गर्न सक्नेछ ।

४. महानिर्देशकमा निहित रहेको अधिकार आफूभन्दा एकतह मुनीका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५. उपदफा (१) (२) (३) र (४) बमोजिम प्रत्यायोजन अधिकार कुनै पनि समयमा फिर्ता लिन सकिनेछ ।

## परिच्छेद - ८
## विविध

**२८. दफा :**

१. यस महासंघको उद्देश्य पूर्तिका लागि आवश्यक कर्मचारीहरुको योग्यता, नियुक्ति, कार्वाही, सेवा शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।
२. महासंघको आर्थिक प्रशासन सम्बन्धी दफा परिषद्ले पारित गरी लागु नगरेको अवस्था सम्म प्रचलित कानून बमोजिम संचालन गरिनेछ ।
३. कार्यसमितिको निर्वाचनका लागि परिषदले तोके बमोजिमको निर्वाचन मण्डल गठन गरिनेछ ।
४. कार्यसमितिको निर्वाचन परिषद्ले पारित गरी लागु गरेको दफा बमोजिम हुनेछ । तर परिषद्ले दफा पारित गरी लागू नगरेको अवधीसम्म कार्यसमितिले निर्धारण गरेको प्रकृया बमोजिम कार्य समितिका लागि अध्यक्ष, उपाध्यक्ष र सदस्यको निर्वाचन हुनेछ ।
५. परिषद्ले यस विधानको उद्देश्य पूर्तिका लागि आवश्यकता अनुसार अन्य दफा बनाई लागू गर्न सक्नेछ ।

**२९. समिति, उपसमिति वा कार्यदल :**

१. परिषद् वा कार्यसमितिले महासंघको उद्देश्य पूर्तिका लागि आवश्यकता अनुसार एक वा एक भन्दा बढि समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।
२. उपधारा (१) बमोजिम गठित समिति, उपसमिति वा कार्यदलको काम, कर्तव्य र समयावधी परिषद् वा कार्य समितिले तोके बमोजिम हुनेछ ।

**३०. विधान संशोधन :**

१. परिषद्का सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतको निर्णयमा महासंघ नेपाल दर्ता गर्ने निकायको स्वीकृतीले विधान संशोधन गर्न सकिनेछ ।

२. विधान संशोधन सम्बन्धी प्रस्ताव कार्य समिति वा परिषदका कम्तिमा दश प्रतिशत सदस्यहरुले प्रस्ताव गरी परिषद्मा पेश गर्न सक्नेछन् ।

३. उपधारा (२) बमोजिमको प्रस्ताव परिषदमा प्रस्तुत गर्नु भन्दा सात दिन अगावै सचिवालयमा दर्ता गराउन पर्नेछ ।

**३१. बाधा अडकाउ फुकाउने :**

यस विधानको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा कार्यसमितिको बैठकले कारण खोली त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ । तर यसरी बाधा अडकाउ फुकाईएको विषय लगत्तै हुने परिषद्को बैठकमा पेश गर्नु पर्नेछ ।

**३२. पदावधी :**

१. परिषद्को कार्यावधी सदस्य - जिल्ला समन्वय समितिको कार्यावधी संगै समाप्त हुनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसमितिको कार्यावधी दुई वर्ष ६ महिनाको हुनेछ । तर कारणवश कार्यसमितिको चुनाव हुन नसकेको अवस्थामा मौजुदा कार्यसमितिले नै नयाँ कार्यसमितिको गठन नभएसम्म दैनिक कार्य संचालन गर्नेछ ।

३. जिल्ला समन्वय समितिका लागि निर्वाचन मितिको घोषणा भएपछि कार्यसमितिले नीतिगत विषयमा कुनै निर्णय लिन सक्ने छैन ।

**३३. बचाउ :**

१. कार्यसमितिका सदस्य एवं कर्मचारीले महासंघको उद्देश्य पूर्तिका लागि असल नियतले गरेको काम कारवाहीबाट हुन गएको हानी नोक्सानी वापत व्यक्तिगत रुपमा जवाफदेही व्यहोर्नु पर्ने छैन ।

२. यो विधान परिषदको पहिलो वैठकबाट पारित भई लागु भए पछि गठन हुने कार्यसमितिले महासंघको कानूनी मान्यताका लागि कारवाही गर्नेछ ।

३. जिल्ला विकास समिति महासंघ नेपालको विधान २०५२ बमोजिम संशोधित हुने यस विधानमा साविकको जिल्ला विकास समिति महासंघ नेपालका नाममा यस अघि भए गरेका काम, कार्वाही, सम्पति तथा दाईत्व यसै बिधान बमोजिम जिल्ला समन्वय समिति महासंघ नेपालको नाममा भए गरेको तथा सरेको मानिनेछ ।